# बन्दीपुर गाउँपालिका

# बन्दीपुर राजपत्र

बन्दीपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: १०    संख्या:०७    मितिः २०८३/०४/२७

भाग २

## बन्दीपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सूचना

## बन्दीपुर गाउँपालिकाको हाटबजार स्थापना तथा सञ्चालन सम्बन्धि कार्यविधि, २०८३

# बन्दीपुर गाउँपालिकाको हाटबजार स्थापना तथा सञ्चालन सम्बन्धि कार्यविधि, २०८३

कार्यपालिकाबाट प्रमाणित मिति :२०८३/०४/१२

**प्रस्तावना :-**

बन्दीपुर गाउँपालिका क्षेत्र भित्र सञ्चाचालित हाटबजारमा स्थानिय उत्पादनलाई प्रोत्साहन गर्ने तथा कृषि उपजको बजार सुनिश्चित गरी सुरक्षित, सफा र स्वच्छ हाटबजार निर्माण, संरचना र व्यावस्थापनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ ञ (२) को व्यवस्था कार्यान्वयन गर्न आवश्यक भएकाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ ले दिएको अधिकर प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भः** १) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भएको मितिबाट प्रारम्भ हुनेछ।

२) यस कार्यविधिको नाम बन्दीपुर गाउँपालिकाको हाटबजार स्थापना तथा सञ्चालन सम्बन्धि कार्यविधि २०८३ हुनेछ।

**२) परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस बन्दीपुर गाउँपालिकाको हाटबजार स्थापना तथा सञ्चालन सम्बन्धि कार्यविधिमाः

क. **"समिति"** भन्नाले कार्यविधीको दफा ४ बामोजिम गठित बन्दीपुर गाउँपालिकाको हाटबजार स्थापना तथा सञ्चालन सम्बन्धि समितिलाई सम्झनुपर्दछ।

ख. **"बजार"** भन्नाले कृषि वस्तु वा समितिले तोकेको अन्य वस्तुको खरिद बिक्री सम्वन्धि क्रियाकलाप गरिने स्थान सम्झनु पर्छ।

ग. **"कृषि तथा पशु संकलन केन्द्र"** भन्नाले कृषि तथा पशु उत्पादन क्षेत्र आसपास पायक पर्ने गरी कृषि तथा पशुहरु जम्मा गरी बिक्री वितरण गर्ने उदेश्यले निर्माण र सञ्चालन गरिने संरचना सम्झनुपर्दछ।

घ. **"कृषि वस्तु"** भन्नाले कृषि क्षेत्रवाट उत्पादित फलफुल, तरकारी तथा माछा जस्ता ताजा वा नाशवान वस्तु सम्झनु पर्छ।

ङ. **"गाउँपालिका"** भन्नाले बन्दीपुर गाउँपालिका सम्झनु पर्दछ।

च. **"संयोजक"** भन्नाले हाटबजार स्थापना तथा सञ्चालन समितिको संयोजक सम्झनु पर्दछ।

छ. **"सदस्य"** भन्नाले हाटबजार स्थापना तथा सञ्चालन समितिको सदस्य सम्झनु पर्दछ।

ज. **"मन्त्रालय"** भन्नाले संघीय तथा प्रदेश सरकारको कृषि तथा पशु सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्दछ।

झ. **"सेवा शुल्क"** भन्नाले यस कृषि तथा पशु हाटबजार उपलब्ध गराईएको र सेवा सुविधा उपलब्ध गराए बापत प्राप्त हुने इजाजत शुल्क, प्रवेश शुल्क, कृषि, पशुवस्तु बिक्रि गर्दा लाग्ने शुल्क तथा स्थान उपलब्ध गराए बापतको भाडा वा अन्य शुल्क सम्झनुपर्दछ।

ञ. **"बजार व्यवस्थापक"** भन्नाले यस कार्यविधि बमोजिम तोकिएको वा नियुक्त गरिएको बजार व्यवस्थापक वा सदस्य सचिवलाई सम्झनुपर्दछ।

**३) उदेश्य**

क. कृषि कार्यबाट उत्पादित उपजहरु, पशु उत्पादन पकेटहरुलाई बजारसँगको आवद्धता प्रदान गर्दै स्वस्थ जीवित पशुपंछी तथा पशुपन्छी जन्य उत्पादन तथा कृषि सामाग्रीहरुको बजारीकरणमा टेवा पुर्याउने।

ख. स्वच्छ, स्वस्थ्य एवं गुणस्तरीय कृषि तथा पशुपन्छीको उत्पादन, प्रशोधन, विविधिकरण र बिक्रि वितरण तथा उपलब्धता सुनिश्चित गर्न सघाउ पुर्याउने।

ग. बजार सञ्चालन गर्ने एवं व्यवस्थित बजार सूचना प्रणालीको विकास गर्ने।

घ. कृषि तथा पशुजन्य पदार्थका उत्पादक, व्यापारी, व्यवसायी र आम उपभोक्ताको दक्षता र सचेतना अभिवृद्धिमा सघाउ पुर्याउने।

ङ. कृषि तथा पशुजन्य पदार्थको सहज आपुर्ति स्थिति अनुगमन गर्ने।

च. कृषि तथा पशुजन्य पदार्थको आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा सघाउ पुर्याउने।

छ. कृषि र पर्यटनलाई जोड्दै स्थानीय उत्पादनलाई प्रोत्साहन र प्रवर्द्धन गरी अर्गानिक वस्तुको उत्पादनमा जोड दिई न्यून आय भएका किसानलाई उत्प्रेरणा प्रदान गर्दै बजारीकरणमा जोड दिने।

## परिच्छेद २

## समितिको गठन, काम कर्तव्य र अधिकार

**४. समितिको गठनः**

१. **हाटबजार स्थापना तथा सञ्चालन हुन सक्ने स्थानमा** सम्वन्धित वडा कार्यालयले आवश्यकता अनुसार हाटबजार व्यवस्थापन तथा सञ्चालनका लागि हाट बजार व्यवस्थापन तथा सञ्चालन समिति गठन गरि बन्दीपुर गाउँपालिकाको कार्यालयवाट स्वीकृत लिई दर्ता गरेर हाटबजार सञ्चालन गर्न सक्नेछ।

२. यस कार्यविधी बमोजिम तोकिएको शर्त तथा मापडण्ड पुरा गरि कुनै पनि क्षेत्र वा सामुदायिक संस्था वा कृषि सहकारी वा कृषक समुहले गाउँपालिकाभित्र हाटबजार सञ्चालन गर्नको लागि बन्दीपुर गाउँपालिकाको कार्यालयवाट स्वीकृत लिई दर्ता गरेर हाटबजार सञ्चालन गर्न सक्नेछ।

३. सामुदायिक संस्था, कृषि सहकारी, कृषक समूहवाट सञ्चालन हुने हाटबजारको हकमा हाटबजार व्यवस्थापनको लागि सञ्चालक स्वंयमले एक हाटबजार व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

४. कार्यविधि वमोजिम मापदण्ड पुरा गरी हाटबजार सञ्चालन तथा व्यवस्थापन गर्न सम्पुर्ण जिम्मेवारी सञ्चालक समितिको हुनेछ।व्यक्तिद्वारा संचालित हाटबजारको हकमा कार्यविधि वमोजिम हाटबजार व्यवस्थापन गर्न सम्पुर्ण जिम्मेवारी सञ्चालक स्वंयमको हुनेछ।

५. हाट बजार व्यवस्थापन तथा सञ्चालन समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।

   क. बजारको भौतिक पूर्वाधारको व्यवस्था, संरक्षण सुरक्षा र सम्भार गर्ने,

   ख. समितिका तर्फवाट करार वा सम्झौताहरु गर्न वा गराउन स्वीकृत प्रदान गर्ने,

   ग. विक्रिस्थल, गोदाम, खानेपानी, बिजुली, टेलिफोन, शौचालय आदी सेवा सुविधा उपलब्ध गराउने,

   घ. मिसावट भएका तथा अस्वस्थकर कृषि तथा पशुपन्छी वस्तु बजारमा बिक्री वितरण गर्न रोक्ने,

   ङ. कृषि वस्तुको ग्रेडिङ्गको स्तर निर्धारण गर्ने र ग्रेडिङ तथा उपयुक्त प्याकिङ भएको कृषि वस्तुहरुको खरिद विक्रीलाई नियमित तथा प्रोत्साहित गर्ने,

   च. कृषि तथा पशुपन्छी वस्तुको कारोवारमा बजार क्षेत्रभित्र उत्पन्न भएका समस्या तथा विवादको समाधान गर्ने,

छ. बजार क्षेत्रको सेवा सुविधाहरुको शुल्क एवं भाडा निर्धारण गर्ने र असूल गर्ने कार्यविधि सिफारिस गर्ने ,

ज. बजारको विकास तथा सम्वर्द्धनका लागि योजना तर्जुमा गर्ने,

झ. कृषि बजार सूचना प्रणाली स्थापना गर्ने,

ञ. कृषि बजार स्थलको उपयोगको तरिका निर्धारण गर्ने,

ट. बजारमा हुने क्रियाकलापको निरीक्षण तथा सुपरीवेक्षण गर्ने,

ठ. कृषि वस्तुको खरिद बिक्रि लिलाम पद्धतिबाट गराउन प्रोत्साहित गर्ने,

ड. व्यापारी, कृषक तथा समितिका कर्मचारीहरुलाई तालिम दिने व्यवस्था गर्ने,

ढ. सम्भाव्य क्षेत्रमा आवश्यकतानुसार बजारको स्थापना र सञ्चालन सम्वन्धी व्यवस्था मिलाउने,

ण. बजारभित्र बिक्रि वितरण हुने कृषि वस्तुहरुको गुणस्तर प्रचलित कानुन बमोजिम भए नभएको सुपरीवेक्षण गर्ने,

त. बजार प्रवर्द्धन गर्ने सिलसिलामा फलफुल तथा तरकारी संकलन केन्द्र, बजारको स्थापना वा गाउँपालिका वा अन्य निकायबाट निर्मित वा संचालित स-साना बजारहरुलाई सञ्चालन गर्ने अभिप्रायले आफ्नो कार्यक्षेत्र विस्तार गर्ने,

थ. आफ्ना मातहतमा सञ्चालन भएका विभिन्न इकाईहरुलाई आवश्यकता अनुसार एकिन गर्ने वा विभाजन गर्ने,

द. कृषि वस्तुका खरिद बिक्रीसँग सम्वन्धित अन्य आवश्यक कार्य गर्ने।

ध. किसानले हाटबजारमा बिक्री वितरणका लागी ल्याएका उत्पादनहरु बिक्री गरी बाँकी रहेका वस्तुहरुको जिम्मा लिई बिक्री वितरणमा सहजीकरण गर्ने ।

## ६. समितिको बैठक र निर्णयः

क. समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने छ। समितिको बैठक कम्तिमा ३ महिनामा १ पटक अनिवार्य रुपमा बस्नुपर्नेछ। प्रत्येक बैठकमा संरक्षकलाई आमन्त्रण गर्नुपर्नेछ।

ख. समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या मानिनेछ।

ग. समितिको बैठक अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछन्।

घ. समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयायक मत दिनेछ।

ङ. समितिको निर्णय अध्यक्ष द्वारा प्रमाणित गरिनेछ।

**७.उपसमितिको गठन गर्न सक्नेः** समितिले आफ्नो कार्यको सञ्चालनमा सघाउ पुर्याउन उप-समिति गठन गर्न सक्नेछ र त्यस्तो उप-समितिको काम कर्तव्य र अधिकार सम्बन्धि कार्यविधीले निर्धारण गरे बमोजिम हुनेछ।

**८.समितिको कोषः**

(१) समितिको एउटा छुट्टै कोष हुनेछ। समितिको कोषमा देहायका रकमहरु रहनेछनः-

(क) नेपाल सरकार, प्रदेश सरकार र बन्दीपुर गाउँपालिकावाट प्राप्त रकम,

(ख) विदेशी सरकार वा व्यक्ति वा संस्था वा अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त हुने रकम,

(ग) कृषि बजार स्थलवाट उठेको सेवा शुल्कको रकम,

(घ) अन्य कुनै श्रोतबाट प्राप्त हुने रकम।

२) विदेशी सरकार वा अन्तराष्ट्रिय संघ संस्थाबाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्दा बन्दीपुर गाउँपालिका मार्फत नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ।

३) समितिले प्राप्त रकम नेपाल राष्ट्र बैंकबाट बैकिङ्ग कारोबार गर्ने मान्यता प्रापत "क" वर्गको बैंकमा खाता खोलि जम्मा गर्नुपर्नेछ।

४) समितिको नामवाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषवाट व्यहोरिनेछ।

५) समितिलाई नेपाल सरकार, प्रदेश सरकार, विदेशी सरकार वा अन्तराष्ट्रिय संघ संस्थाबाट जुन कार्यक्रम वा कार्यको निमित्त रकम प्राप्त गरेको हो, सो रकम सोही कार्यक्रममा वा कार्यमा खर्च गर्नुपर्नेछ।

६) समितिको कोषको सञ्चालन समितिले निर्णय गरे बमोजिम हुनेछ।

७) समितिको खाता सञ्चालन समितिको अध्यक्ष, सचिव, कोषाध्यक्ष अनिवार्य संयुक्त दस्तखत बाट हुनेछ।

**९. कोषवाट खर्च गर्न सक्ने व्यवस्था :**

बजारले कुल आयको ९०% रकम दैनिक बजार सञ्चालन तथा मर्मत सम्भार, बिजुली तथा पानी र १० % रकम स्थायी निर्माण कार्य सम्पन्न गर्न आवश्यक पर्दा सरकारवाट समेत अनुदान प्राप्त गर्ने र लक्षित निर्माण कार्य सम्पन्न गर्ने प्रयोजनको लागि वचत राखि खर्च गरिने छ ।

**१०. आर्थिक प्रशासनः**

क) समितिको आय व्ययको लेखा नेपाल सरकारबाट स्वीकृत ढाँचामा राखिनेछ।

ख) समितिको लेखा परीक्षण आर्थिक कारोबारको आधारमा चार्टड एकाउटेन्ट वा रजिष्टर्ड लेखा परिक्षकबाट आर्थिक वर्ष सकिएको ३ महिनाभित्र गराउनु पर्नेछ।

ग) समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वार्षिक आय व्यय विवरण सहितको प्रतिवेदन बन्दीपुर गाउँपालिकामा बुझाउनुपर्नेछ।

घ) समितिले प्रत्येक महिनाको आय व्यय विवरण सूचना टासँ गरी सार्वजनिक गर्नुपर्नेछ।

ङ) लेखा परीक्षणबाट प्राप्त प्रतिवेदन कार्यान्वयन गर्नुपर्नेछ।

च) समितिले आर्थिक कार्य गर्दा/गराउँदा प्रचलित ऐन, नियमको अधिनमा रहि गर्नुपर्नेछ। आवश्यकता अनुसार समितिले कार्यविधि स्वीकृत गरी सोहि बमोजिम आर्थिक कार्य गर्नु/गराउनुपर्नेछ।

छ) समितिको सम्पूर्ण आर्थिक कारोबार र खर्चको विवरण समितिको नियमित बैठकमा अनुमोदन गराउनु पर्नेछ।

**११. व्यवस्थापकको नियुक्तिः**

क. दैनिक प्रशासकीय एंवम हाटबजार सञ्चालन, सूचना प्रवाह र तोकिएको अन्य काम गर्न समितिले एक बजार व्यवस्थापक नियुक्त गर्न सक्नेछ।

ख. माथि उपदफा (क) बमोजिमको नियुक्ति गर्दा खुल्ला प्रतिष्पर्धाको आधारमा गर्नेछ।

**१२ .व्यस्थापकको योग्यताः** बजार व्यवस्थापक पदको उमेद्वार हुनको लागि देहायबमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

१. नेपाली नागरिक,

२. २५ वर्ष पूरा भई ६० वर्ष ननाघेको,

३. अर्थशास्त्र वा व्यवस्थापन विषयमा १०+२ तह उतिर्ण गरेको,

४. कानुन बमोजिम कुनै पनि किसिमको सजाय नपाएको भनि घोषणा गरेको।

**१३.व्यवस्थापकको काम, कर्तव्य, अधिकार र सुविधाः**

१. आफु मातहतका कर्मचारीहरुको रेखदेख र नियन्त्रण गर्ने,

२. समितिको निर्णय कार्यान्वयन गर्ने/गराउने,

३. बजार व्यवस्थापनको लागि आवश्यक वार्षिक, अल्पकालिन तथा दिर्गकालिन योजना तर्जुमा गरी समिति समक्ष पेश गर्ने,

४. कृषि तथा पशु हाटबजार विकाससँग सम्बन्धित विभिन्न निकायहरुसँग समन्वय राखि काम गर्ने,

५. समितिले तोकेको अन्य कार्यहरु गर्ने

६. कृषि तथा पशुपन्छी हाटबजार व्यवस्थापकको सेवा शर्त र सुविधा समितिले तोके बमोजिम हुनेछ।

**१४. समितिको कर्मचारी :** समितिको कार्य सञ्चालनको निम्ति समितिले आफ्नो आर्थिक क्षमताको आधारमा आंशिक वा पुरा समयको लागि आवश्यक कर्मचारीहरुको व्यवस्था गर्न सक्नेछ।

**१५. समितिको कार्यालय** : समितिको कार्यालय सम्भव भए सम्म कृषि उपज बजार स्थल क्षेत्र भित्र रहने छ।

**१६. अधिकार प्रत्यायोजन :** समितिले आवश्यकता अनुसार आफ्नो सबै वा केहि अधिकार समितिले कुनै सदस्य, सदस्य सचिव वा समितिको कुनै अन्य तोकिएको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

**१७. प्रतिवेदन पेश गर्नु पर्नेः** समितिले आर्थिक वर्ष समाप्त भएको महिना भित्र आफूले गरेको काम ,बजारमा क्रयविक्रय भएका वस्तुको विधमान मुल्य, खरिद बिक्री परिमाण विवरण, ऊठेका समस्याहरु तथा समस्या समाधान गर्न भएका प्रयास समेत उल्लेख गरी वार्षिक प्रतिवेदन बन्दीपुर गाउँपालिका/ कृषि विकास शाखामा पेश गर्नु पर्नेछ।उक्त प्रतिवेदनको आधारमा बन्दीपुर गाउँपालिकाले भावी नीति तथा कार्यक्रम तय गर्नेछ।

**१८. बजारको स्वामित्व** : हाटबजारमा विकास गरिएका सर्वजनिक भौतिक पुर्वाधारहरुको पूर्ण स्वामित्व बन्दीपुर गाउँपालिकामा रहेछ। समितिले बजारको स्वामित्व हस्तान्तरण गर्ने वा आफ्नो क्षमता भन्दा

बढीको दायित्व लिने गरी वा आफ्नो पदावधि भन्दा बढी अवधीको लागि गाउँपालिकाको पूर्व स्वीकृत बिना कसैसँग कुनै पनि सम्झौता गर्ने छैन ।

**१९. पुरस्कार, जरिवना र दण्ड सम्बन्धि व्यवस्थाः**

१. कार्यविधिमा उल्लेखित मापदण्ड बमोजिम सञ्चालन भैरहेको हाटबजारलाई प्रोत्साहन गर्न अनुगमन समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरी हाटबजारलाई अनुदान दिन वा सम्मान गर्न वा पुरस्कार गर्न सक्नेछ ।

२. अनुगमन समितिले अनुगमन गर्दा यस कार्यविधिमा तोकियको मापदण्ड बमोजिम हाटबजार सञ्चालन नभएको पाईएमा अनुगमन समितिको प्रतिवेदनको आधारमा प्रमुख प्रशासकीय अधिकृतले देहाय बमोजिम कारवाही गर्न सक्नेछ ।

क) प्रथम पटकमा सुधारको लागि मौखिक वा लिखित सुझाव दिने ।

ख) लिखित सुझावको पालन नभए दोस्रो पटकको लागि नसिहत दिने र जरिवना गर्ने ।

ग) तेस्रो पटकको लागि हाटबजार सञ्चालनमा रोक तथा सम्झौता रद्द गर्ने ।

**२०. निर्णय मान्य हुने ;**

यो कार्यविधमा भएको हाटबजार सञ्चालन सम्बन्धि कुनै दफा वा हाटबजार समितिको निर्णयमा चित नबुझे बन्दीपुर गाउँपालिकामा उजुर गर्न सकिनेछ र त्यस्तो अवस्थामा पालिकाको निर्णय मान्य हुनेछ ।

२१. समितिको निर्णय गरे बमोजिमको छाप तथा लोगो प्रयोग गर्नेछ ।

## परिच्छेद ३
## हाटबजार समिति दर्ता तथा नविकरण

**२२. हाटबजार समिती सञ्चालन दर्ता तथा नविकरणः**

१. हाटबजार सञ्चालन गर्न इच्छुक संस्था/समितिले गाउँपालिका क्षेत्र भित्र हाटबजार सञ्चालन गर्नको लागि कार्यालयवाट अनिवार्य रुपमा स्वीकृति लिई दर्ता गरेर मात्र सञ्चालन गर्नु पर्नेछ।

२. स्वीकृतिको लागि सञ्चालकले अनुसूची -१ बमोजिमका कागजात सहित बन्दीपुर गाउँपालिकाको कृषि शाखामा निवेदन र सञ्चालन प्रस्ताव पेश गर्नुपर्नेछ।

३. वडा कार्यालय र कृषि विकास शाखामा सञ्चालकले निवेदन पेश गरे पश्चात सम्बन्धित् अनुगमन तथा मूलयाङ्कन समितिले आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा हाटबजार सञ्चालनको लागि सिफारिस गर्न सक्नेछ । उक्त क्षेत्रमा हाटबजार सञ्चालन गर्न उपयुक्त देखिएमा बन्दीपुर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले हाटबजार स्थापना तथा सञ्चालनको लागि स्वीकृत दिन सक्नेछ।

**२३.नविकरण सम्वन्धमाः** प्रत्येक वर्ष हाटबजार इजाजत पत्र नविकरण गर्नु पर्नेछ।नविकरण गर्दा सञ्चालकले अनुसूची २ वमोजिमको ढाँचामा आवश्यक कागजात सहितको निवेदन शाखामा पेश गरी गाउँपालिकाको आर्थिक ऐनमा तोकिए वमोजिमको शुल्क तथा कर बुझाउनु पर्नेछ।

## परिच्छेद ४

## कार्यक्रम सञ्चालन प्रकृया

**२४ .बजार सञ्चालन हुने क्षेत्र तथा बजार सञ्चालक समिति छनौटका आधारः** (१) बजार सञ्चालन हुने छनौटका आधारहरु देहायबमोजिम हुनेछन्।

(क) गाउँपालिका कृषि उपज उत्पादन र बजारिकरणका हिसावले सम्भाव्य र महत्वपूर्ण क्षेत्र।

(ख) बजार स्थल सम्म सडक, विजुली तथा बजार स्थलमा खानेपानीको सुविधा भएको वा हुन सक्ने।

(ग) बजार सञ्चाल भईरहेको वा माग/सम्भावना भएको।

**२५. समिति सम्वन्धी व्यवस्था;-** (१) यस कार्यविधी बमोजिम देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ।

क. प्रमुख बन्दीपुर गाउँपालिका संयोजक

ख. उपप्रमुख बन्दीपुर गाउँपालिका सदस्य

ग. संयोजक आर्थिक विकास समिति सदस्य

घ. सम्बन्धित वडाका वडा अध्यक्ष सदस्य

ङ. प्रमूख प्रशासकीय अधिकृत सदस्य

च. आर्थिक प्रशासन शाखा प्रमुख सदस्य

छ. पशुपन्छी तथा मत्स्य विकास शाखा प्रमुख सदस्य

ज. कृषि विकास शाखा प्रमुख सदस्य सचिव

(२) अनुगमन तथा मूल्याङ्कन समितिले आवश्यकता अनुसार बढिमा २ जना कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

**२६.अनुगमन तथा मुल्याङ्कन समितिको काम कर्तव्य र अधिकारः**

१. कृषि हाटबजार सञ्चालनको नियमित अनुगमन गरी कार्यक्रम उद्देश्यअनुसार प्रभावकारी रूपमा सञ्चालन भए/नभएको मूल्याङ्कन गर्ने।

२. कृषि उपजको गुणस्तर, तौल, मूल्य निर्धारण तथा स्वच्छताको अवस्था अनुगमन गरी उपभोक्ता हित संरक्षणमा आवश्यक निर्देशन दिने।

३. हाटबजार व्यवस्थापन, सरसफाइ, सुरक्षा तथा आवश्यक पूर्वाधारको अवस्था निरीक्षण गरी सुधारका लागि सुझाव र निर्देशन दिने।

४. किसान, व्यापारी तथा उपभोक्ताबाट प्राप्त गुनासा, सुझाव र समस्याको अध्ययन गरी आवश्यक समाधानका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने।

५. हाटबजार सञ्चालनका क्रममा प्रचलित कानुन, मापदण्ड तथा कार्यविधिको पालना भए/नभएको अनुगमन गरी आवश्यक कारबाहीका लागि सिफारिस गर्ने।

६. अनुगमनबाट प्राप्त तथ्य, उपलब्धि, समस्या तथा सुधारका सुझाव समेटी नियमित प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्ने।

७. कृषि हाटबजारलाई व्यवस्थित, पारदर्शी, किसानमैत्री र उपभोक्तामैत्री बनाउन आवश्यक नीतिगत तथा व्यवस्थापकीय सुधारका लागि सिफारिस गर्ने।

## परिच्छेद ५

## हाटबजार मापडण्ड

**२७. सञ्चालन स्थान र जग्गा :**

१. सञ्चालन स्थान र जग्गा बजार सञ्चालन गर्न ४ कठ्ठा (२.६६ रोपनी) जग्गा उपलव्ध हुनु पर्नेछ।

२. एक हाटबजार देखि अर्को हाटबजार बीचको दुरि कम्तिमा १ कि.मी हुनुपर्नेछ।

३. हाटबजार राजमार्गवाट २०० मि. र मुख्य सडक भन्दा १०० मि. टाढा अवस्थित हुनुपर्नेछ ।

४. बजार विमानस्थल, मध्यवर्ति क्षेत्र, सामुदायीक वनको आसपासमा सञ्चालन गर्नु पर्ने भएमा सम्वन्धित निकायको सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

**२८. भौतिक संरचना**

१. हाटबजार तोकोएको अधिनमा रहि निर्माण गर्नुपर्नेछ। हाटबजार परिसरमा तोकिए भन्दा विपरित वा बढि संरचना निर्माण गर्न पाइनेछैन।

२. टहरा निर्माण गर्दा प्रकोप प्रतिरोधी वनाउन फलाम /सिमिन्टको पिल्लर र सिजिआई छाना लगाउनु पर्नेछ।

३. हाटबजार क्षेत्रभित्र स्वच्छ खानेपानीको उचित प्रवन्ध हुनुपर्नेछ।

४. हाटबजारमा हुने जनघनत्वको आधारमा महिला र पुरुषको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गर्नु पर्नेछ।

५. हाटबजारको प्रत्येक स्टल तथा संरचना र खुल्ला क्षेत्रमा विद्युत् तथा उज्यालोको लागि विजुली बत्तीको प्रबन्ध मिलाउनु पर्नेछ।

६. हाटबजार संरचना निर्माण गर्दा प्राविधिकको सहयोगमा पानी नजम्ने र ढलको उचित व्यवस्थापन गर्नु पर्नेछ।

**२९. फोहोरमैला व्यवस्थापन र प्रदुषण नियन्त्रणः**

१. हाटबजारको फोहोरमैला व्यवस्थापन तथा प्रदुषण नियन्त्रण समितिले गर्नु पर्नेछ।

२. कुहिने र नकुहिने फोहोरको अलग अलग संकलनको ढक्कन सहितको अलग अलग बिनको व्यवस्था गर्नुपर्नेछ।

३. हाटबजार क्षेत्रभित्र होहल्ला र प्रदुषण (ध्वनी, वायु, माटो, जल आदि) गराउन पाईने छैन साथै अनावश्यक पोस्टर, फ्लेक्स तथा विज्ञापन सामग्रीहरु टाँस गर्न वा राख्न पाईने छैन।

४. हाट बजारमा प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गर्नु पर्नेछ।

**३०.वस्तु तथा सामाग्रीहरुको व्यवस्थापनः**(१) हाटबजारमा विक्री वितरण गर्ने कृषि तथा पशुजन्य उपजहरु, लत्ताकपडा, भाँडाकुडा, ठेला प्रयोग गरी राखिने वस्तुहरु, फलफुल, आदि छुट्टाछुट्टै वा एकै प्रकारको व्यावसायलाई एकै लहरमा व्यवस्थापन गर्नुपर्नेछ। ठेला प्रयोग नगरी राखिने वस्तुहरुको लागि अनिवार्य रुपमा सरल प्रयोग गर्नु पर्नेछ।

(२) माछामासु विक्री वितरणको लागि बजारको निर्धारित स्थानमा स्टल प्रयोग गर्नुपर्नेछ। यस प्रकारको उपज विक्रीका लागि पक्कि डलान गरिएको सफा गर्न पानीको प्रवन्ध सहित निकासको व्यवस्था भएको हुनुपर्नेछ।

**३१. हाट बजार व्यवस्थापनः**१) हाटबजार प्रवेशको स्थानमा हाटबजारको नाम तथा परिचय खुल्ने वोर्डको व्यवस्था साथै प्रत्येक टहरा, भवन, स्टलको संरचनामा नाम स्टल नं. प्रस्ट देखिने गरि राख्नु पर्दछ।

(२) हाटबजार क्षेत्र भित्र हाटबजार सञ्चालन सम्वन्धी सूचना प्रवाह गर्न सूचना पार्टीको व्यवस्था गर्नु पर्दछ ।

## परिच्छेद ६
## कर तथा शूल्क सम्बन्धी व्यवस्था

**३२) इजाजत पत्र दर्ता तथा नविकरण** :(१) बजार सञ्चालन ईजाजत पत्र दर्ता गर्दा र नविकरण शुल्क साथै तोकिएको समयमै नविकरण नगरेमा गाउँपालिकाको आर्थिक ऐन अनुसार शुल्क तथा जरिवाना लाग्नेछ।

**३३) स्टल बहाल प्रक्रियाः** (१) बहाल शुल्क कायम गर्दा  बजार सञ्चालक समितिले स्टल रहने स्थान, विक्री गर्ने वस्तु तथा सामाग्री, विक्रीकर्ता (उत्पादक स्वंयम वा व्यापारी) आदिको आधारमा भाडादर निर्धारण गर्न सक्नेछ।
यसरी स्टल भाडामा लगाउदा समितिले प्रत्येक विक्रीकर्तासँग अलग अलग सम्झौता गर्नुपर्नेछ।
स्पष्टकरणः बहाल शुल्क दर निर्धारण गर्दा कृषि उपज तथा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने गरी मुल्य निर्धारण गर्नुपर्नेछ।

**३४) बहाल करः** (१) सम्झौता बमोजिम कायम गरिएको बहाल शुल्कमा तोकिएको बहाल कर बापतको ४९% रकम मासिक रुपमा समितिले गाउँपालिकामा दाखिला गर्नुपर्नेछ भने बजार सञ्चालन भएको सुरुको ६ महिना सम्म समितिले कुनै प्रकारको शुल्क उठाउन र पालिकामा दाखिला गर्न पर्ने छैन ।

## परिच्छेद ७
## विविध

**३५) बजार अनुगमन** :- (१) गाउँपालिकामा हाटबजार अनुगमन तथा नियमनको लागि  यस कार्यविधिकको दाफा २५(१) बमोजिम  गर्न सक्नेछ।

**३६) हाटबजार सञ्चालन तथा व्यवस्थापनमा खर्च गर्न सकिने क्षेत्र**

हाटबजार सञ्चालन तथा व्यवस्थापनका लागि विनियोजित बजेट स्वीकृत कार्यक्रम, बजेटको सीमाभित्र रही तथा प्रचलित कानून बमोजिम देहायका कार्यमा खर्च गर्न सकिनेछः

क. हाटबजार सञ्चालनका लागि आवश्यक टहरा, स्टल, छाना, टेबल, कुर्सी तथा अन्य आवश्यक संरचना निर्माण तथा व्यवस्थापन गर्ने।

ख. तौल मेसिन, मूल्यसूची बोर्ड, सूचना बोर्ड, डस्टबिन, कृषि उपज राख्ने सामग्री लगायत आवश्यक उपकरण तथा आवश्यक सामग्री खरिद गर्ने।

ग. हाटबजार परिसरको सरसफाइ, फोहोरमैला व्यवस्थापन, खानेपानी तथा स्वच्छता व्यवस्थापन गर्ने ।

घ. स्थानीय कृषक तथा उत्पादकको कृषि उपजको बजार प्रवर्द्धन तथा बजारीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।

ङ. हाटबजारको प्रचार—प्रसार, सूचना प्रकाशन, पम्प्लेट, ब्यानर, बोर्ड तथा अन्य प्रचार सामग्री तयार तथा व्यवस्थापन गर्ने।

च. स्थानीय तथा रैथाने कृषि उपजको प्रवर्द्धनका लागि कृषि उपज प्रदर्शनी, नमुना स्टल, विशेष बजार तथा बिक्री प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने।

छ. हाटबजार सञ्चालन तथा व्यवस्थापनमा संलग्न व्यवस्थापन समिति तथा सरोकारवालाको अभिमुखीकरण, क्षमता विकास तथा समन्वयात्मक कार्यक्रम सञ्चालन गर्ने।

ज. हाटबजार सञ्चालनका क्रममा आवश्यक बिजुली, पानी, सरसफाइ तथा अन्य आधारभूत सञ्चालन खर्च व्यवस्थापन गर्ने।

झ. हाटबजारमा हुने कारोबार तथा कृषि उपज सम्बन्धी दर्ता, अभिलेख, रसिद, स्टेशनरी तथा आवश्यक कार्यालयीय सामग्री व्यवस्थापन गर्ने।

ञ. कृषि उपजको मूल्य, माग, आपूर्ति तथा बजारसम्बन्धी सूचना संकलन, अभिलेखीकरण तथा व्यवस्थापन गर्ने।

ट. हाटबजार सञ्चालनको अनुगमन, निरीक्षण, मूल्याङ्कन तथा प्रतिवेदन तयारी सम्बन्धी कार्य गर्ने।

ठ. हाटबजारलाई व्यवस्थित, सुरक्षित, स्वच्छ तथा प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक अन्य सम्बन्धित कार्यहरू गर्ने।

ड. सम्मान तथा पुरसकार एवं कृषि उपज ढुवानीको लागी आवश्यकता अनुसार कार्यपालाकको वा आर्थिक विकास समितिको निर्णय बमोजिम खर्च गर्न सकिने छ ।

ढ. माथि उल्लिखित कार्यहरूमा खर्च गर्दा स्वीकृत बजेट तथा कार्यक्रमको सीमाभित्र रही, प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानून, आर्थिक कार्यविधि तथा अन्य प्रचलित कानूनको अधीनमा रही खर्च गर्नुपर्नेछ।

ण. हाटबजार सञ्चालनका लागि विनियोजित रकमबाट व्यक्तिगत लाभ, अनावश्यक मनोरञ्जन, भोजभतेर वा स्वीकृत कार्यक्रमसँग असम्बन्धित कार्यमा खर्च गर्न पाइने छैन।

**३७) बाधा अड्काउ फुकाउ** : यस कार्यविधिमा कुनै बाधा अड्काउ आएमा गाउँकार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसूची-१
## अनुमतिको लागि निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यु,

बन्दीपुर गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय,

बन्दीपुर, तनहुँ ।

**विषयः हाटबजार सञ्चालन अनुमति सम्बन्धमा ।**

प्रस्तुत सम्बन्धमा बन्दीपुर गाउँपालिका ................................मा........................... द्वारा हाटबजार सञ्चालन गर्नको लागि आवश्यक कागजात यसै साथ संलग्न राखी अनुमतिको लागि अनुरोध गर्दछु/गर्दछौं।

**आवश्यक कागजातहरुः-**

१.सञ्चालन गर्ने कृषि सम्बन्धि संस्था वा फर्मको परिचय खुल्ने कागजात

क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (सञ्चालन गर्ने व्यक्ति)

ख) संस्था दर्ता तथा नविकरणको प्रमाणपत्र (सञ्चालक संस्था भए)

ग) संस्थाको विधान वा सस्था सञ्चालन कार्यविधि (सञ्चालक संस्था भए)

घ) करचुक्ता प्रमाणपत्र (सञ्चालक संस्था भए)

२. करारनामा (जग्गा भाडामा लिई सञ्चालन गर्ने भएमा)

**निवेदक**

## अनुसूची- २

## नविकरणको लागि निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यु
बन्दीपुर गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
बन्दीपुर, तनहुँ ।

प्रस्तुत विषयमा मिति ........................... देखी सञ्चालनमा रहेको हाट बजार सञ्चालनका लगी प्रस्र अनुमती पत्र नविकरण गर्नु पर्ने भएको हुदा नियमानुसार नविकरण गरिदिनुहुन अनुरोध छ।

**आवश्यक कागजात**हरु :-

१. सम्वन्धित वडाको सिफारिस
२. आय-व्ययको विवरण वा लेखा परीक्षण प्रतिवेदन

**निवेदक**

**अनुसूची ३**

**हाटबजार सञ्चालन अनुमातिपत्रको ढाँचा**

बन्दीपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

दर्ता नं. ....

दर्ता मिति ..........................

बन्दीपुर गाउँपालिका वडा न.......मा सञ्चालन हुने हाटबजारलाई यस गाउँपालिकाको हाट बजार सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८३ वमोजिम बन्दीपुर गाउँपालिकामा अभिलेख राखि कार्यविधिको दफा ३२ (१) बमोजिम  यो इजाजतपत्र प्रदान गरिएको छ।

हाटबजारको नामः.........................                    सञ्चालकको नामः...................................

| आ.व | नविकरण शुल्क | रसिद न. | तिरेको मिति | अर्को नविकरण गर्न पर्ने मिति | नविकरण गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

आज्ञाले,

कमल बहादुर के.सी

प्रमुख प्रशासकीय अधिकृत